# शुद्धोधन राजपत्र

**शुद्धोधन गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः २ शुद्धोधन, आषाढ २५ गते, २०७५ साल संख्याः ८**


## भाग–१

**शुद्धोधन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही**

शुद्धोधन गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरूको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**संवत् २०७५ सालको ऐन नं. ८**
**ऐनको नाम : शुद्धोधन गाउँपालिकाको**
**आर्थिक विनियोजन ऐन, २०७५**

**प्रस्तावनाः** शुद्धोधन गाउंपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम तेश्रो गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "शुद्धोधन गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त शुद्धोधन गाउकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३८२६८००००। (अक्षेरुपी अठतिस करोड छब्बिस लाख असी हजार  रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चितकोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त शुद्धोधन गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै माअपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी

खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दाबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चितकोषबाट विनियोजन हुने रकम

| क. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ |
| १ | राजश्व बाँडफाँड, समानीकरण तथा आन्तरिक | गाउँकार्यपालिका | ४९६८००१० | ७५९१७१९० | १२५५९७२०० |
| २ | समानीकरण | वडा समिति | | ७०००००००० | ७०००००००० |
| ३ | समानीकरण, राजश्व बाँडफाँड | गाउँकार्यपालिका | | २७४८२८०० | २७४८२८०० |
| ४ | शसर्त | | | १०९६०००००० | १०९६०००००० |
| ५ | सामाजिक सुरक्षा | | ५०००००००० | | ५०००००००० |
| | **जम्मा रू** | | | | **३८२६८००००** |

आज्ञाले

**अनन्तपाणि मरासीनी**

प्रमुख प्रशासकीय अधिकृत

शुद्धोधन गाउँपालिका, रूपन्देही